संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -३३
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार २४ गते सोमबार

प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले लगातारको वर्षाको कारण पाल्पामा खोलाले बगाएर एकजनाको मृत्यु हुनुकासाथै झरीले भिजेर कठयाङ्ग्रिएर एक जनाको मृत्यु भएको, प्राकृतिक विपद् व्यवस्थापनका लागि सरकारले तत्काल योजना बनाई कार्यान्वयन गर्नुपर्ने, कास्की जिल्लाको पोखरा महानगरपालिकाको सेतीखोलामा ३ वर्षे बालक मृत अवस्थामा फेला परेको साथै पहिरोको कारण तीन घर विस्थापित भएको, बारा जिल्लाको निजगढ नगरपालिकामा एकजना महिलालाई खोलाले बगाएर मृत्यु भएको, काठमाडौं उपत्यकाका वाग्मती, विष्णुमती, हनुमन्ते लगायतका नदी किनारका बस्तीहरु डुवानले विस्थापित भएका, निर्माण व्यवसायीहरुको भुक्तानी हुन बाँकी रकम तत्काल भुक्तानी हुनुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० ठाकुर प्रसाद गैरे
२. मा० लक्ष्मी तिवारी
३. मा० विद्या भट्टराई
४. मा० अच्युत प्रसाद मैनाली
५. मा० किरण कुमार साह
६. मा० बासुदेव घिमिरे

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० शेर बहादुर कुँवर
२. मा० शान्ति वि.क.
३. मा० शान्ति श्रेष्ठ
४. मा० शोभा ज्ञवाली
५. मा० सन्तोष चालिसे
६. मा० सन्तोष परियार
७. मा० सिता कुमारी राना
८. मा० सपना राज भण्डारी
९. मा० सम्झना थपलिया
१०. मा० सरस्वती बजिमय
११. मा० सराज अहमद फारुकी
१२. मा० सिता मिजार
१३. मा० सुशिला थिङ
१४. मा० सुशिला सिर्पाली ठकुरी
१५. मा० सूर्य प्रसाद ढकाल
१६. मा० सूर्यमान तामाङ (दोङ)
१७. मा० संजय कुमार गौतम
१८. मा० हितराज पाण्डे
१९. मा० ज्ञानु बस्नेत सुवेदी
२०. मा० हेमराज राई
२१. मा० डा० स्वर्णिम वाग्ले

यसैविच माननीय मनिष झाले नियमापत्ति गर्नुहुँदै माननीय शान्ति वि.क.ले बोल्ने क्रममाा "धोती फुस्केर" भन्ने असंसदीय शब्द बोल्नु भएकोले उक्त शब्द सचिवालयको अभिलेखबाट हटाइयोस् भन्नु भएपछि सम्माननीय सभामुखले सचिवालयलाई बुझ्न लगाई उक्त शब्द सचिवालयको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तत्पश्चात् भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० प्रतिमा गौतम
२. मा० महेश कुमार वर्तौला
३. मा० पूर्ण बहादुर घर्ति मगर
४. मा० मनिष झा
५. मा० रोसन कार्की
६. मा० अम्मर बहादुर थापा
७. मा० सुशिला श्रेष्ठ
८. मा० अब्दुल खांन
९. मा० राम प्रकाश चौधरी
१०. मा० प्रभु साह
११. मा० कुसुम देवी थापा
१२. मा० मन बहादुर गुरुङ

१३. मा० प्रेम सुवाल १४. मा० राजेन्द्र बजगाई

तदुपरान्त सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले "राष्ट्रिय समावेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन आ.व. २०७९/०८०" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री एवं उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रस्तुत गर्नु भएको "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथी सदनमा पुनर्विचार गरियोस्" भन्ने प्रस्तावमाथीको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जवाफ दिनुभयो ।

१. मा० प्रेम सुवाल २. मा० दिलेन्द्र प्रसाद बडु

तत्पश्चात् सम्माननीय सभामुखले "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधन" लाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार २५ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको १:४५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव